**April 15th, 2025** **Tuesday**

**प्रमुख समाचार:**

१. सरकारले हरेक दिन १०० किलोमिटर राजमार्ग निर्माण गर्ने लक्ष्य राखेको यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीको भनाइ
२. वक्फ संशोधन ऐन जनताको अधिकारको रक्षा गर्न हेतु केन्द्र सरकारको नीतिको एक हिस्सा भएको अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुको धारणा
३. यस वर्ष भारतको हज कोटामा करिब ४० हजारले वृद्धि
४. पश्चिम बङ्गालको मुर्शिदाबादको हिंसा प्रभावित क्षेत्रमा अवस्था बिस्तारै सामान्य हुँदै
५. अनि ISSF सुटिङ विश्वकप २०२५ को दोस्रो चरण आज पेरुको लिमामा सुरु हुँदै

**अब समाचार विस्तारमा**

1. Gadkari-AIMA

यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले देशको पूर्वाधार विकासमा जोड दिँदै हरेक दिन १०० किलोमिटर राजमार्ग निर्माण गर्ने लक्ष्य राखेको बताउनुभएको छ। अखिल भारतीय व्यवस्थापन संघ - AIMA को 10 औं राष्ट्रिय नेतृत्व सम्मेलनलाई सम्बोधन गर्दै उहाँले आगामी 18 महिना भित्र देशको सडक पूर्वाधार संयुक्त राज्य अमेरिका भन्दा राम्रो बन्ने बताउनुभयो।

2. Kerala – Kiren Rejeju

अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले वक्फ संशोधन ऐन जनताको अधिकारको रक्षा गर्न र देशका नागरिकहरूको भूमि गैरकानूनी रूपमा हडप्ने प्रयासहरूलाई रोक्न केन्द्र सरकारको नीतिको एक हिस्सा हो भन्नुभएको छ। कोच्चिमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँले प्रत्येक नागरिकको अधिकारको रक्षा गरिने बताउनुभयो । उहाँले प्रतिपक्षले जनतालाई भ्रममा पारेको र वक्फ संशोधन ऐनले कुनै पनि समुदायलाई लक्षित नगरेको बताउनुभयो । श्री रिजिजुले धेरै मुस्लिम संगठनहरू यस कानूनको समर्थनमा अगाडि आएको पनि उल्लेख गर्नुभयो।

**3. Tribal Affairs Minister – Sikkim Visit**

तीन दिवसीय सिक्किम भ्रमणको निम्ति केन्द्रिय जनजाति मामिला राज्य मन्त्री दुर्गादास उइके आज सिक्किम आइपुग्नुभयो। राज्य प्रवेश गर्ने क्रममा उहाँलाई मल्ली चेकपोस्टमा सामाजिक, महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभाग मन्त्री सामडुप लेप्चाले स्वागत जनाउनुभयो।

4. ED – Pratap Singh

प्रवर्तन निर्देशनालयले आज राजस्थानका पूर्वमन्त्री प्रताप सिंह खचरियावास र अन्यको घर सहित १५ भन्दा बढी स्थानमा छापा मारेको छ। यो कारबाही एक कम्पनीको 48 हजार करोडको घोटालासम्बन्धी अनुसन्धानको एक हिस्सा हो।

5. ED - Kolkatta

यसैगरी प्रवर्तन निर्देशनालयले नक्कली राहदानी मुद्दामा कोलकाता लगायत पश्चिम बंगालका धेरै ठाउँमा छापा मारिरहेको छ। विदेशी ऐन अन्तर्गत यो छापा मारिएको हो । पछिल्लो समय नक्कली कागजात बनाएर अवैध रुपमा घुसपैठ गर्ने धेरै घटनाहरु बाहिर आएका छन् । स्रोतका अनुसार खोजी अभियानमा बंगलादेशी राष्ट्रिय परिचयपत्र र अन्य केही अपराधी कागजातहरू पनि बरामद गरिएको थियो।

6. Hajj Quota

यस वर्ष भारतबाट हजमा जाने यात्रुको कोटा १ लाख ७५ हजार पुऱ्याइएको छ । सन् २०१४ मा यो संख्या एक लाख ३६ हजार थियो । अल्पसंख्यक मामिला मन्त्रालयले एक सामाजिक सञ्जाल पोस्टमा यस सम्बन्धी जानकारी दिएको हो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ.... Signature Tune**

7. Jaishankar - Gujarat

विदेशमन्त्री डा एस जयशंकरले आज गुजरातको नर्मदा जिल्लामा विभिन्न विकास कार्यको उद्घाटन र शिलान्यास गर्नुभयो। विदेश मन्त्रीले लाछ्रास गाउँमा स्मार्ट आंगनवाड़ी र स्मार्ट कक्षाको उद्घाटन गर्नुभयो । उहाँले राजपिपलास्थित हुलाक कार्यालय राहदानी सेवा केन्द्रको पनि भ्रमण गर्नुभयो ।

8. Solar Power

देशले रुफटप प्यानलबाट सौर्य ऊर्जाको क्षमतामा उल्लेख्य बृद्धि गर्ने लक्ष्य राखेको छ, जुन आगामी आर्थिक वर्षमा २५ देखि ३० गिगावाट पुग्ने अनुमान गरिएको छ। यो विस्तार देशको बृहत्तर ऊर्जा परिवर्तन लक्ष्यहरूद्वारा संचालित छ। सौर्य ऊर्जा देशको स्वच्छ ऊर्जा रणनीतिमा केन्द्रीय स्तम्भको रूपमा उभिएको छ।

9. Murshidabad – Situation Normalcy

पश्चिम बङ्गालको मुर्शिदाबादको हिंसा प्रभावित क्षेत्रमा अवस्था बिस्तारै सामान्य हुँदै गइरहेको छ। जिल्लाका तनावग्रस्त क्षेत्रमा प्रहरी, केन्द्रीय बल र आरएएफले गस्ती गरिरहेका छन्। पसल र व्यापारिक प्रतिष्ठानहरु बिस्तारै खुल्दैछन्। यसैबीच गत साता दुई जनाको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। समशेरगञ्ज, सुती र रघुनाथगञ्जबाट हालसम्म २ सय २३ जना पक्राउ परेका छन्। अफवाह फैलाएको आरोपमा प्रहरी र प्रशासनले सामाजिक सञ्जालका १ हजार ९३ प्रोफाइल ब्लक गरेको छ।

10. SC – Child Trafficking

सर्वोच्च अदालतले आज बालबालिका बेचबिखन सम्बन्धी अपराधको रोकथाम र छिट्टै सुनुवाइका लागि कडा निर्देशन दिएको छ। उत्तर प्रदेशको बालबालिका बेचबिखन मुद्दामा अभियुक्तहरूले दायर गरेको अग्रिम जमानत याचिकाको सुनुवाइ गर्दै अदालतले यो निर्देशन दिएको हो।

11. Himachal Pradesh – Foundation Day

हिमाचल प्रदेशले आज आफ्नो ७८ औं स्थापना दिवस मनाउँदै छ। सन् १९४८ मा आजकै दिन हिमाचल प्रदेश ३० साना ठूला राज्यहरुलाई विलय गरेर गठन भएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले यस दिनको अवसरमा राज्यका जनतालाई शुभकामना दिनुभएको छ।

12. Akashvani – Hyderabad Hirak Jayanti

आकाशवाणी हैदराबाद केन्द्रले आज आफ्नो हीरक जयन्ती मनाउँदै छ। सन् १९५० मा आजकै दिन तत्कालीन हैदराबाद राज्यमा निजामको डेक्कन रेडियो भारत सरकारको अधीनमा आयो र पछि आकाशवाणीको मातहतमा आएको थियो। आकाशवाणी र समाचार सेवा प्रभागका महानिर्देशकले आकाशवाणी, हैदरावाद परिसरमा हीरक जयन्ती स्तम्भको भर्जुअल रुपमा अनावरण गर्नुभयो।

13. WAVES

विश्व श्रव्य दृश्य मनोरन्जन शिखर सम्मेलन - (WAVES) बजारले विश्वव्यापी मनोरञ्जन इकोसिस्टममा पेशेवरहरू, व्यवसायीहरू र सिर्जनाकर्ताहरूलाई जोड्न क्रान्तिकारी अनलाइन बजार बन्ने लक्ष्य राखेको छ। बलिउड अभिनेता आमिर खानले एक अङ्ग्रेजी दैनिकमा आफ्नो लेखमा यस्तो बताउनुभएको हो। सरकारको प्रयासको प्रशंसा गर्दै, आमिर खानले भारतले वेब्स र वेब्स बजार मार्फत, विश्वव्यापी मनोरञ्जन समुदायको लागि थप सहयोगी र समावेशी भविष्य निर्माण गर्ने दिशामा साहसी कदमहरू चालिरहेको बताउनुभयो।

14. Sports News

अब खेल समाचारः १५औँ **हक्की** इण्डिया राष्ट्रिय प्रतियोगिताको उपाधि खेलमा आज मध्य प्रदेश र पञ्जाब भिड्दैछन्। खेल साँझ ७ बजेदेखि उत्तर प्रदेशको झाँसीमा हुने बताइएको छ। I.S.S.F. **सुटिङ** विश्वकपको दोस्रो चरणको खेल आज पेरुको लिमामा सुरु हुँदैछ। भारतको ४२ सदस्यीय टोलीले राइफल, पेस्तोल र सटगन इभेन्टमा भाग लिनेछ। यस विश्वकपका स्वर्ण पदक विजेता डिसेम्बरमा दोहामा हुने विश्वकप फाइनलका लागि छनोट हुनेछन्।

**प्रमुख समाचार पुन: एकपटक**

१. सरकारले हरेक दिन १०० किलोमिटर राजमार्ग निर्माण गर्ने लक्ष्य राखेको यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीको भनाइ
२. वक्फ संशोधन ऐन जनताको अधिकारको रक्षा गर्न हेतु केन्द्र सरकारको नीतिको एक हिस्सा भएको अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुको धारणा
३. यस वर्ष भारतको हज कोटामा करिब ४० हजारले वृद्धि
४. पश्चिम बङ्गालको मुर्शिदाबादको हिंसा प्रभावित क्षेत्रमा अवस्था बिस्तारै सामान्य हुँदै
५. अनि ISSF सुटिङ विश्वकप २०२५ को दोस्रो चरण आज पेरुको लिमामा सुरु हुँदै